नाम्खा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
याल्वाङ, हुम्ला
कर्णाली प्रदेश, नेपाल

## रोजगार संयोजक र प्राविधिक सहायक करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**( प्रथम पटक प्रकाशित मिति : २०७९।०४।०३ )**

प्रस्तुत विषयमा श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय - प्रधानमन्त्री रोजगार कार्यक्रम ) प.स. ०७८।०७९ च.न.३५८ को मिति २०७९।०३।१५ को पत्रानुसार यस नाम्खा गाउँपालिकामा सञ्चालित रोजगार सेवा केन्द्रको लागि आवश्यक प्राविधिक सहायक पद करारमा पदपूर्तिका लागि निम्न वमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग वमोजिमका विवरण र राजश्व तिरेका रसिद यस कार्यालयमा निवेदन दिनुहुन अनुरोध छ ।

| क्र.स | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/२०७९-८० | रोजगार संयोजक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |
| २ | २/२०७९-८० | प्राविधिक सहायक | स्थानीय सेवाको पाँचौ तह सरह | १ |

| रोजगार संयोजक | प्राविधिक सहायक |
|---|---|
| (१) **आवश्यक न्यूनतम योग्यता र अनुभव :**<br>(क) नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रविणता प्रमाणपत्र तह वा सो सरह तह उर्तिण गरेको<br>(ख) दरखास्त दिने अन्तिम मितिमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेको<br>(ग) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी कारवाही नभएको<br>(घ) नैतिक पतन देखिने अभियोगमा अदालतबाट कसुरदार नठहरिएको<br>अनुभव र सीप :- रोजगार संयोजक देहायका अनुभव र सीप आवश्यक पर्नेछ :<br>• कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको<br>• आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न प्रशासनिक क्षेत्रमा कम्तीमा ६ महिनाको अनुभव भएको । | (१) **आवश्यक न्यूनतम योग्यता र अनुभव :**<br>(क) सिभिल इन्जिनियरिङमा प्रविणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उर्तिण भएको<br>(ख)अनुभव र सीप :- प्राविधिक सहायकमा देहायका अनुभव र सीप आवश्यक पर्नेछ:<br>• कम्तीमा ३ महिने तालिम लिई आधारभूत कम्प्यूटर सीप भएको<br>• पूर्वाधारको निर्माण र मर्मतका लीग आयोजनाको लागत अनुमान, सुपरीवेक्षण र अन्तिम लागत विवरण तयार गर्न सक्ने र विश्लेषण गर्न सक्ने , आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा काम गरेको अनुभव, पारस्परिक सम्बन्ध सम्बन्धी सीप कम्तीमा ६ महिनाको अनुभव भएको ।<br>(ग) उमेर :- कम्तीमा १८ वर्ष पुरा भई ४५ वर्ष ननाघेका |

२. **दरखास्त दिने स्थान** :- नाम्खा गाउँ कार्यापालिकाको कार्यालय, याल्वाङ र सर्म्पक कार्यालय सिमकोट, हुम्ला ।

३. **दरखास्त दिने अन्तिम मिति:-** २०७९।०४।१८

४. **आवेदनको दस्तुर** :-रु ५००।-

५. **छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा

६. **आवेदन साथ संलग्न कागजातहरु** :-आवेदक स्वयमले प्रमाणित गरेको देहाय वमोजिम कागजातको प्रतिलिपिहरु

(क)नागरिकता (ख)न्युनतम योग्यताको लब्धांक प्रमाणपत्र (ग)चारित्रिक प्रमाण पत्र (घ) अनुभव खुल्ने कागजात (ङ) २ प्रति पासपोर्ट आकारको फोटो (च) नाम्खा गाउँपालिकामा रहेको सिटिजन्स बैंकमा रहेको संचितकोष बैंक खाता ०७६०१००००००१२०२ मा जम्मा गरेको बैंक भौचर

७. **छनौट प्रक्रिया** : नेपाल सरकार (मन्त्रीपरिषद) बाट स्वीकृत रोजगार संयोजक पदपुर्ति र सेवा सुविधा सम्बन्धी मापदन्ड ,२०७६ र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( संचालन तथा व्यवस्थापन )कार्यविधि, २०७६ मा उल्लेखित प्रक्रिया बमोजिम परीक्षा लिई छनौट गरिनेछ । उक्त मापदन्डमा तोकिएको समय सिमा बमोजिम प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्दाका बखत लिखित परीक्षाको मिति, समय र स्थान तोकिनेछ ।

८.**काम तथा जिम्मेवारी र सेवा सुविधा** :-रोजगार संयोजकको पदपूर्ति र सेवा सुविधा सम्बन्धी मापदन्ड,२०७६ र प्राविधिक सहायकको युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना ( संचालन तथा व्यवस्थापन )कार्यविधि, २०७६ मा उल्लेख भए वमोजिम हुनेछ ।

नोट: आवेदनको ढाँचा र प्राविधिक सहायक पदको कार्यविवरण लगायत अन्य जानकारी www.pmep.gov.np वा www.namkhamun.gov.np मा उपलब्ध छ ।

धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत

Website:www.namkhamun.gov.np Contact: 087-680280
Email: info@namkhamun.gov.np, ito.namkhamun123@gmail.com